नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED

P.O. Box 4332, Lazimpat
Kathmandu, Nepal
Tel: 4414799, 4416556, 4414803
E-mail: nlgilife@mail.com.np
Website: www.nationallife.com.np
Fax: 977-1-4435633

मिति : २०७६/०६/२४

च.नं.: ३१०३ :०७६/०७७

श्री नेपाल स्टक एक्स्चेन्ज
सिंहदरवार, काठमाण्डौं ।

विषय : ३१ औं वार्षिक साधारण सभाको जानकारी ।

महोदय,

यस कम्पनीको ३१ औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनीको संचालक समितिको ४१८ वौं बैठक मिति २०७६/०६/२४ अपरान्ह ४:०० बजे बसेको निर्णय अनुसार विषय सूची सहित आवश्यक जानकारी यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

सधन्यवाद ।

सुरेश प्रसाद खत्री
कम्पनी सचिव

संलग्न : उपरोक्त अनुसार ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED

P.O. Box 4332, Lazimpat
Kathmandu, Nepal
Tel: 4414799, 4416556, 4414803
E-mail: nlgilife@mail.com.np
Website: www.nationallife.com.np
Fax: 977-1-4435633

यस कम्पनीको मिति २०७६/०६/२४ गते शुक्रवार अपरान्ह ४:०० बजे बसेको सञ्चालक समितिको ४१८ औं बैठकबाट यस कम्पनीको एकतिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गर्नका लागि बस्ने निर्णय भए अनुसार उक्त मिति, समय र स्थानमा शेयरधनी महानुभावहरु आफू स्वयं वा रितपूर्वकको प्रतिनिधि द्वारा उपस्थित हुन अनुरोध गरिन्छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७६ साल कार्तिक २४ गते आईतवार (१० नोभेम्बर, २०१९)
समय : बिहान १०:३० बजे
स्थान : नेशनल लाईफ भवन, केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।

छलफलका विषयहरु :

विषय सूची :

क) साधारण प्रस्ताव :

१। सचांलक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२। आर्थिक वर्ष २०७४/०७५ समाप्त वर्षको वासलातको फांटवारी, आय-व्यय हिसाब, नाफा-नोक्सान हिसाब एवम् लेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३। लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्ति एवम् पारिश्रमिक अनुमोदन गर्ने ।
४। संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूंजी रु.३,००,७४,४०,५३५/- मा १२ (बाह्र) प्रतिशतका दरले नगद लाभांश स्विकृत गर्ने एवं प्रस्तावित बोनस शेयर बापतको कर प्रयोजनार्थ रु.३९,५७,१५८/५९ (उनन्चालिस लाख सन्ताउन्न हजार एक सय अन्ठाउन्न रुपैया उनन्साठी पैसा) नगद लाभांश स्विकृत गर्ने ।

ख) विशेष प्रस्ताव :

१। संचालक समितिले प्रस्ताव गरे बमोजिम लाभांशको रुपमा हाल कायम रहेको चुक्ता पूंजीको २.५ (दुई दशमलव पांच) प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२। कम्पनीको शेयरपूंजीमा सर्वसाधारण शेयरधनी समूहको हाल ३५ प्रतिशत र संस्थापक शेयरधनी समूहको ६५ प्रतिशत हिस्सा रहेकोमा सर्वसाधारण शेयरधनी समूहको हिस्सा ४९ प्रतिशत र संस्थापक शेयरधनी समूह ५१ प्रतिशत कायम गर्न प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन प्रस्ताव पारित गर्ने ।
३। कम्पनी ऐन २०६३ को दफा १०५(१)ग बमोजिम आ.व.२०७४/०७५ मा भएको खर्च अनुमोदन गर्ने ।
४। कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । उक्त संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

ग) विविध ।

(साविक नाम : नेशनल लाईफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड)

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Branch Offices : | Biratnagar: | 523951 | Birgunj: | 521409 | Bhairahawa: | 520065 | Nepalgunj: | 520955 | | |
| Sub-Branch Offices: | Pokhara: | 521801 | Dhangadhi: | 524581 | Rajbiraj: | 523505 | Hetauda: | 524601 | Birtamode: | 540136 |
| | Dharan: | 521760 | Janakpur: | 525320 | Narayanghat: | 523039 | Mahendranagar: | 524607 | | |
| Contact Offices : | Lalitpur: | 5531440 | Dang: | 560581 | Banepa: | 663028 | Butwal: | 543468 | Bhojpur: | 420007 |
| | Baglung: | 520034 | Lahan: | 561227 | Surkhet: | 520691 | Sarlahi: | 530491 | | |

साधारण सभा सम्बन्धि सामान्य जानकारी

१। ३१ औं साधारण सभाको प्रयोजनकोलागि कम्पनीको शेयर दाखिल खारेजको कार्य २०७६ कार्तिक १० देखि २०७६ कार्तिक २४ गते सम्म बन्द रहने छ ।

२। सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र सभा शुरु हुनु भन्दा ४८ घण्टा पहिले अर्थात २०७६ आश्विन २१ गते बिहिवार कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, लाजिम्पाटमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीले तोकेको ढांचामा हुनु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) को ढांचा यस कम्पनीको सूचना पाटीमा समेत राखिएको छ ।

३। प्रोक्सी दिने शेयरधनी महानुभावले शेयर किन्दाको अवस्थामा आफूले यस कम्पनीमा गरेको सही मिल्नु पर्दछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

४। एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर भएको मानिने छ ।

५। प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसंग बांकी राखी आफू समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं आफै साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा उक्त मुकरर गरिएको प्रोक्सी स्वत: बदर हुने छ ।

६। नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनिई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।

७। सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुन अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।

८। साधारण सभाको हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि १०:५० बजे सम्म खुल्ला रहने छ ।

९। सुरक्षाको दृष्टिले शेयरधनी महानुभावहरु सभा स्थल आउंदा झोला, ब्याग जस्ता वस्तुहरु नल्याउन अनुरोध गरिन्छ । सुरक्षा कर्मिले जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१०। यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय लाजिम्पाटमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

सुरेश प्रसाद खत्री
कम्पनी सचिव